# माथागढी गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

## Mathagadhi Rural Municipality

## Office of the Rural Municipal Executive

झडेवा, पाल्पा
Jhadewa, Palpa
लुम्बिनी प्रदेश, नेपाल
Lumbini Province, Nepal


च.नं.(Despatch No.)
पत्र संख्या :(Ref No.) ०७७/७८

मिति: २०७८/०१/२७

**हार्दिक अपिल !**

हाल केहि दिन यता तिब्र रुपमा नया भेरियन्ट सहितको कोभिड १९ समुदाय स्तरमा फैलिएको छ । हामीहरु कोभिड १९ (कोरोना भाईरस) को रोकथाम, नियन्त्रण र व्यवस्थापनको लागि निरन्तर लागिरहेका छौ । यस विचमा केही जनप्रतिनिधि र कर्मचारीहरु पनि कामकै दौरानमा संक्रमित भएर होम आइसोलेसनमा हुनुहुन्छ । समुदाय स्तरमा पनि प्रत्येक दिन संक्रमणको संख्या बढीरहेकै छ । कतिपय व्यक्तिहरुमा कोभिड १९ को लक्षणसँग मिल्दो लक्षण देखिएकोले Contract Tracing को मात्रा र दायरालाई बढाएका छौ ।

अहिलेको यो विषम परिस्थितिमा स्वास्थ्यको पूर्ण मापदण्ड पालना गर्न, आत्मबल बलियो बनाउन, संयमित हुन जिल्ला प्रशासन कार्यालय, पाल्पाले लागु गरेको निषेधाज्ञालाई पूर्ण रुपमा पालना गर्दै देहाय बमोजिम गरिदिनुहुन माथागढी वासी र सरोकारवाला सबैमा हार्दिक अनुरोध गर्दछौ ।

१. कोभिड १९ को परीक्षण रिपोर्टमा संक्रमित पुष्टि भएकाहरु अनिवार्य होम आइसोलेसनमा बस्ने तथा सम्बन्धित वडामा रहेका स्वास्थ्य चौकीका स्वास्थ्यकर्मीसँग स्वास्थ्य सल्लाह लिने र सर्म्पकमा रहन आग्रह गर्दछौ ।

२. कोभिड १९ को लक्षणसँग मिल्दो लक्षण देखिएमा निशुल्क परीक्षणको लागि सम्बन्धित वडाका स्वास्थ्य चौकी वा वडा कार्यालयमा सर्म्पक राख्न अनुरोध गर्दछौ ।

३. कोभिड १९ पोजिटिभ भएर अक्सिजनको आवश्यकता भएका व्यक्तिहरुलाई माथागढी ४ देवगीर स्थित कोभिड अस्पतालमा भर्ना भई निशुल्क स्वास्थ्य सेवा लिन अनुरोध गर्दछौ ।

४. माथागढी गाउँपालिकाले हाल दुई वटा एम्बुलेन्सबाट बिरामीलाई सेवा दिईरहेकोमा एम्बुलेन्सको अभाव हुन नदिन गाउँपालिका अध्यक्षले प्रयोग गरेको गाडी नं. ग १ झ ३५६ को गाडीलाई समेत एम्बुलेन्सको रुपमा प्रयोग गर्न अध्यक्ष स्तरको निर्णय भएकोले एम्बुलेन्स आवश्यक परेमा निम्न नम्बरमा सर्म्पर्क गर्न अनुरोध गर्दछौ ।

क) गाडी नं. लु १ झ ६२१ चालक मनोज सिंजाली सर्म्पक नं. ९८५७०७९११३

ख) गाडी नं. लु १ झ ६२२ चालक मनोज पन्थी सर्म्पक नं. ९८५७०७९११४

ग) गाडी नं. ग १ झ ३५६ चालक रमेश लामिछाने सर्म्पक नं. ९८५७०७९१०९

*भू.पू. सैनिक झडेवाबाट संचालित एम्बुलेन्स*

क) गाडी नं. लु १ च ३७४२ चालक गुमानसिं दर्लामी सम्पर्क नं. ९८४१६०८०५०

५. कोभिड १९ लगायत अन्य स्वास्थ्य समस्या उत्पन्न भएमा सम्बन्धित वडाहरुमा रहेका स्वास्थ्य चौकीमा उपलब्ध निशुल्क सेवा लिनुहुन माथागढी वासीहरुमा हार्दिक अपिल गर्दछौ ।

STHapa
.......................
सन्तोष कुमार थापा
अध्यक्ष
माथागढी गाउँपालिका